*Unity Journal*
Vol.6, 373-388, Feb 2025
https://doi.org/10.3126/unityj.v6i1.75704
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 10 Nov 2024.*
*Accepted: 23 Jan 2025*

# युवालाई राष्ट्रप्रति समर्पित बनाउन राष्ट्रिय सेवा दल : ऐतिहासिक सिंहावलोकन

**गोविन्द मरासिनी***

***लेखसार***

*गौरवमय इतिहास बोकेको नेपाली सेना सदैव नेपाल र नेपाली जनताको रक्षक बनेर उभिएको छ । नेपालको संविधानप्रदत्त अधिकारलाई आत्मसात् गर्दै सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्राकृतिक सम्पदा संरक्षण, खेलकुदको विकास, विश्वशान्ति स्थापना र विविध कल्याणकारी कार्यमा आफ्नो जिम्मेवारी इमान्दारितापूर्वक पूरा गर्दै आएको छ । यसका अतिरिक्त अनुशासित, बफादार र देशको भावी नेतृत्व लिन सक्ने युवापिंढीलाई देशभक्त र राष्ट्रप्रति समर्पित बनाउनका लागि दक्ष जनशक्ति तयार गर्ने कार्यमा नेपाली सेनाले राष्ट्रिय सेवा दल (रा.से.द.) मार्फत् अतुलनीय योगदान पुऱ्याइरहेको छ । राष्ट्रको पहरेदारका रूपमा रहेका युवा वर्गमा राष्ट्रिय एकता तथा वफादारिताको भावना जागृत गराई अनुशासित, कर्तव्यपरायण, तालिम प्राप्त जनशक्ति तयार गरी राष्ट्रको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने कार्यमा राष्ट्रिय सेवा दल सदैव तल्लीन रहेको छ । यस लेखमा राष्ट्रिय सेवा दलले राष्ट्रप्रति समर्पित युवालाई दिएको तालिमबारे विस्तृतमा जानकारी दिँदै युवालाई अनुशासित, संस्कारी र नैतिकवान बनाउन सेवा दलले गरेको लगानी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएको योगदान र भूमिकाबारे चर्चा गरिएको छ । यो लेख राष्ट्रिय सेवा दलमा आवद्ध भई तालिम लिनुभएका युवापिंढीलाई राष्ट्रप्रति बफादार बनाउन र सेवा दलले इतिहासदेखि आजसम्म गरेका सबै कार्यको खोज अनुसन्धानमा केन्द्रित रहेको छ । रा.से.द.ले आफ्नो कार्य सम्पन्न गर्नका लागि के-कस्ता समस्या र चुनौतीहरू भोग्नुपरेको छ ? ती र त्यस्ता समस्या, चुनौतीहरूको उजागर गर्दै समाधानका उपायहरुका बारेमा सुझाव दिने प्रयास यस लेखको रहेको छ । लेख तयार पार्नका लागि नेपाली सेना, राष्ट्रिय सेवा दलका आधिकारिक वेबसाइट, सम्बन्धित विभिन्न पुस्तक, बुकलेट र लेखरचनाको पर्याप्त अध्ययन गरी परिमाणात्मक र गुणात्मक (मिश्रित) विधिको अवलम्बन गरिएको छ । यसका साथै लेखको विषयवस्तुसँग सम्बन्धित दिग्गज व्यक्तित्व, सेवा दलका पूर्व निर्देशक, सेनाका अधिकृतहरू, प्रवक्ता र सूचना अधिकारीहरूसँग सम्बन्धित विषयमा आवश्यक जानकारी र तथ्याङ्क संकलन एवं अध्ययन पश्चात् यो लेख तयार पारिएको छ ।*

***शब्दकुञ्जी:*** *राष्ट्रिय सेवा, युवा, समर्पित, बफादार, नेतृत्व, देशभक्त, अनुशासित, तालिम*

## परिचय

युवा परिवर्तनका संवाहक हुन्, राष्ट्रका मूल आधार हुन् । हरेक राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनको महत्त्वपूर्ण र निर्णायक शक्तिका रूपमा युवालाई लिने गरिन्छ । युवा भनेका शक्तिका स्रोत, सृष्टिका संवाहक, राष्ट्र

* Journalist/Researcher
Email ID : journalist.gm3@gmail.com

विकासको मेरुदण्ड र लोकतन्त्रका रक्षक हुन् भनी परिभाषित गर्ने गरिन्छ। युवा शक्तिलाई समाज तथा राष्ट्रको कर्मठ, साहसी, दृढ क्रियाशील, विद्रोही, परिवर्तनकारी, सृजनशील, रचनात्मक तथा क्रान्तिकारी शक्ति मानिन्छ। त्यसैले त आजका युवालाई भोलिको राज्यका कर्णधार भन्ने गरिन्छ। देश निर्माणमा हरेक युवा पुस्ताको महत्त्वपूर्ण भूमिका रहने गर्दछ। संसारका विभिन्न देशमा जनसांख्यिकी वनावट अनुसार युवाको उमेर समूह फरक-फरक रहेको पाइन्छ। नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घ र युवाका क्षेत्रमा क्रियाशील राजनीतिक तथा अन्य गैरसरकारी संस्थाहरूले प्रकाशन गरेको तथ्याङ्कमा युवाको उमेर कति हो ? भन्ने कुरामा एकरूपता छैन। अधिकांश देशमा युवाको उमेर १५-३५ वर्षको बीचमा कायम गरिएको पाइन्छ। संयुक्त राष्ट्रसंघले "युवा" भनेर १५-२५ वर्षबीचको उमेर समूहका व्यक्तिलाई परिभाषित गरेको छ । नेपाल सरकारले भने १६ देखि ४० वर्षका बीचका मानिसलाई युवा भनेर परिभाषालाई विस्तार गरेको छ। (UNDP, 2018-2022) नेपालको जनगणना २०७८ को तथ्याङक अनुसार नेपालमा युवाको संख्या ४२.५६ प्रतिशत रहेको छ। (जनगणना, २०७८)

नेपालका युवा रोजगारीका अवसरहरूको कमी, राजनीतिक प्रक्रियामा सीमित सहभागिता, अवैध गतिविधिमा संलग्नता, लागुऔषध दुर्व्यसनी, जलवायु परिवर्तनको जोखिम र भेदभावका विभिन्न स्वरूपहरुको कारणले पछाडि परिरहेका छन्। फलस्वरूप दिनप्रतिदिन युवाहरूबाट असामाजिक गतिविधि तथा आत्म-हत्याजस्ता व्यवहार प्रदर्शित हुने गर्दछन्। मुलुकमा हुने ठूलो-सानो जुनसुकै परिवर्तनमा प्रत्यक्ष वा परोक्ष रूपमा युवाशक्तिको योगदान रहेको हुन्छ। रोजगारीका अवसरहरूको कमीले गर्दा नै वैदेशिक रोजगारीमा जाने तथा प्रतिभा पलायनको जोखिम पनि उत्तिकै बढेको छ। इन्डोनेसियाका प्रथम राष्ट्रपति सुकार्नोले भन्नुभएको थियो, "Give me 1,000 men, I'll move the mountain. Give me 10 young men, I'll shake the world." (The Borneo Post, 2016) सुकार्नोको यही पंक्तिबाट युवा शक्तिको महत्व प्रष्ट बुझ्न सकिन्छ। तर, तीनै युवाले गलत बाटो रोजे भने के होला ? सहजै अनुमान लगाउन सकिन्छ, युवाहरूले गलत बाटो रोजे भने युवाको आफ्नो भविष्य मात्र होइन, राष्ट्रलाई नै गम्भीर असर पर्दछ। त्यसैले युवालाई गलत बाटो रोज्नबाट रोक्न युवालाई अनुशासित बनाउने र राज्यप्रति उत्तरदायी बनाउने दायित्व राज्यको हो। यसै दायित्वलाई बहन गर्दै राष्ट्रिय सेवा दलको अवधारणा अघि सारियो र वि.सं. २०२२ सालमा सेवा दलको स्थापना गरियो। राज्यका हरेक समस्यामा खम्बा बनेर उभिएको नेपाली सेनालाई औपचारिक रुपमै राष्ट्रिय सेवा दलको जिम्मेवारी सुम्पियो। स्थापना लगत्तै रा.से.द.ले विद्यालय तहमा युवा विधार्थीहरूलाई राष्ट्रप्रति समर्पित बनाउन तालिम दिन सुरु गरेको थियो। त्यसैगरी वि.स. २०२७ सालमा राष्ट्रिय सेवा दल ऐन जारी भएपश्चात विश्वविद्यालय तहका युवालाई सिनियर डिभिजन र विद्यालय तहका युवालाई जुनियर डिभिजन अन्तर्गत वर्गीकरण गरी तालिम दिन थालियो।

यस अनुसन्धानात्मक लेख मार्फत् रा.से.द. को ऐतिहासिक पक्षलाई उजागर गर्दै यसले देश र जनताप्रति विभिन्न आयामहरू मार्फत् खेलेको अतुलनीय भूमिकालाई चर्चा गरिएको छ। अहिलेका युवापुस्तामा राष्ट्रभाव, अनुशासन, संस्कार र धैर्यताजस्ता कुराहरूमा ह्रास आएको हुँदा राष्ट्र नै कमजोर बन्ने जोखिम बढ्दै गएको छ। यसै सन्दर्भमा रा.से.द.ले युवालाई मर्यादित र अनुशासित बनाउन खेलेको भूमिका समग्र युवाहरूलाई अवगत गराई राष्ट्र र राष्ट्रियताप्रति उनीहरूको लगाव थप बढाउनुपर्ने आवश्यकता महशुस गरिएको छ। यसका साथै रा.से.द.का ऐन, नियमहरूमा परिमार्जन र पर्याप्त बजेट व्यवस्थापनलगायतका सकारात्मक सुझावहरू प्रस्तुत गरी रा.से.द. लाई अझ सशक्त बनाउन र युवाहरूमा देशभक्तिको भावना जागृत गराउन थप प्रेरणा दिनु यस लेखको उद्देश्य रहेको छ।

**समस्याको कथन**

निम्नलिखित प्रश्नको उत्तरको अपर्याप्तता यस लेखको मुख्य समस्याको रूपमा रहेको छ।

**अनुत्तरित प्रश्नहरू**

(क) इतिहासदेखि वर्तमान अवस्थासम्म राष्ट्रिय सेवा दलले पुऱ्याएको योगदान कस्तो रहेको छ ?

(ख) विभिन्न देशमा सेवा दलको अवस्था र नेपालमा यसको अवस्था कस्तो रहेको छ ?

(ग) राष्ट्रिय सेवा दललाई अझ बढी प्रभावकारी बनाउन के गर्न सकिन्छ ?

(घ) राष्ट्रिय सेवा दलले के-कस्ता समस्या भोग्नुपरेको छ र समाधानको उपाय के होलान् ?

**अनुसन्धान विधि**

यस लेखमा परिमाणात्मक र गुणात्मक (मिश्रित) अनुसन्धान विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा द्वितीय स्रोत अन्तर्गत सम्बन्धित विषयमा उपलब्ध लेख, रचना, पुस्तक, विभिन्न वेबसाइट, प्रचलित ऐन र नियम तथा राष्ट्रिय सेवा दलको केन्द्रीय कार्यालय जगन्नाथ देवलबाट उपलब्ध तथ्याङ्क र प्राथमिक स्रोत अन्तर्गत यस क्षेत्रका विषय विज्ञ (सेवा दलका निर्देशकहरू, सेनाका अधिकृत, प्रवक्ता र सूचना अधिकारी) हरूसँगको औपचारिक अन्तर्वार्ता र अनौपचारिक कुराकानी नै यस लेखका प्रमुख आधार हुन् ।

**साहित्य समीक्षा**

विभिन्न शक्तिशाली राष्ट्र र छिमेकी मुलुकहरूमा जस्तै नेपालमा पनि रा.से.द. ले युवालाई अनुशासित बनाउने कार्य जिम्मेवारीका साथ निभाउँदै आएको छ । इतिहासका विभिन्न कालखण्डमा अतुलनीय योगदान पुऱ्याउँदै आएको नेपाली सेनाले रा.से.द. मार्फत् युवाका क्षेत्रमा समेत अविस्मरणीय योगदान पुऱ्याएको छ ।

यसै सम्बन्धमा नेपाली सेनाका प्रमुख सेनानी बिजित राज रेग्मीले लेख्नुभएको छ, ‘‘सेवा दलले प्रदान गर्ने तालिममा पूर्वदेखि पश्चिमसम्म हिमाल, पहाड र तराइका मधेशी, दलित, जनजाति एवं आदिवासीलगायतका सबै शिक्षार्थीहरू एक ठाउँमा जम्मा भई आपसी ज्ञान, सीप, अनुभव र कला साटासाट गर्ने र ‘अन्य सबै कुरा पछि र पहिले सबै नेपाली हौं’ भन्ने भावना विकास भएको देखिन्छ । बाबुबाजेबाट सुनेका ‘तल्लो र ठूलो जात’ अनि निरन्तर जात, जाति, भाषा, धर्म र क्षेत्रीयता सम्बन्धी नकारात्मक कुराबाट आजित भएका युवाहरूमा ‘सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली’ भन्ने भावना थप दृढ भई आफ्नो व्यक्तित्व विकास र नेतृत्व क्षमता अभिवृद्धि भएको गाउँ, समाज एवं राष्ट्रका लागि एकजुट भई कार्य गर्ने प्रतिवद्धता भएको महसुस गर्न सकिन्छ ।’’ (रेग्मी, २०७३)

राष्ट्रिय सेवा दलबाट वर्षेनि हुने क्याडेट दीक्षितलगायत अन्य कार्यक्रमको उच्चपदस्थ व्यक्तित्वहरूले मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ । सेवा दलको ३४ औं वार्षिकोत्सव समारोहमा बोल्दै तत्कालीन प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाले भन्नुभएको थियो, ‘‘तपाईं भाइबहिनी, छात्रछात्राहरूले रा.से.द. बाट सञ्चालित तालिमबाट कठोर परिश्रम गरी सिक्नुभएको व्यावहारिक ज्ञान, सीप र क्षमतालाई अनुशासित रूपमा प्रस्तुत गर्नुभएको कार्यक्रममबाट ज्यादै प्रभावित भएको छु । ’’ (राठौर र रेग्मी, २०७४)

सेवा दलले प्रदान गरेको यो तालिम २०२८ सालमा स्वयं सहभागी हुनुभएका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय सेवा दलद्वारा सञ्चालित १७ औँ ब्याच सिनियर डिभिजन तालिमको दीक्षान्त कवाज २०७९ लाई सम्बोधन गर्दै आफूले तालिम लिँदाको क्षण स्मरण गराउनुभएको थियो । दाहालले भन्नुभयो, ‘‘तपाईंहरूले प्रदर्शन गरेको जोसिलो कवाज, कला र प्रस्तुतिहरूको अवलोकनले मलाई विगतमा मैले राष्ट्रिय सेवा दल तालिम गर्दाका सुखद क्षणहरू स्मरण भइरहेको छ । म प्रधानमन्त्रीको रूपमा कार्यरत रहँदा राष्ट्रिय दलको लक्ष्यअनुरूप अनुशासित, मर्यादित, मुलुकप्रति समर्पित र राज्यका संस्थाहरूप्रति सम्मान गर्ने संस्कारयुक्त नागरिक बनाउँदै यस तालिमबाट प्राप्त हुने ज्ञानले देशप्रति थप जिम्मेवारी र कर्तव्यबोधको उर्जा प्राप्त भएको छ ।’’(Safal Khabar, 2022)

एन.सि.सि. एल्मुनाई एसोसिएसनको छैटौं वार्षिकोत्सवको अवसरमा तत्कालीन प्रधानसेनापति प्रभुराम शर्माले ‘‘समाजमा व्याप्त विकृति, बेथिति र पछौटेपनलाई निर्मूल गरी सु-संस्कृत, सभ्य समाज निर्माणमा सेवा

दलको भूमिका महत्त्वपूर्ण रहेको छ । नेपाल सरकारका विभिन्न निकायहरू, स्थानीय तहहरू, कानुन कार्यान्वयन गर्ने निकायहरू, सामाजिक संघसंस्थासँगको सहकार्य एवं समन्वयमा थुप्रै सृजनशील र रचनात्मक कार्यहरू गरिरहेको उल्लेख गर्दै यस्ता कार्यक्रमहरू अझ विस्तार हुँदै जाने विश्वास व्यक्त गर्नुभएको थियो । (Himal Press, 2023)

रा.से.द.का विषयमा यसअघि पनि दिग्गज व्यक्तिहरूबाट अध्ययन, अनुसन्धान भएका छन् । त्यस्ता अनुसन्धानमा उल्लेख भएका वा गरिएका प्रकाशित पुस्तक, लेख, रचना, खोजमूलक सामग्री र इन्टरनेटमा पाइने सामग्री र विभिन्न क्षेत्रका उच्च पदस्थ व्यक्तिहरूका भनाइहरूलाई अध्ययन गरी राष्ट्रिय सेवा दलले नेपालमा के-कसरी काम गर्दै आएको छ ? यसले युवाको क्षमता विकास र राष्ट्र, राष्ट्रियताप्रति समर्पित बनाउन के-के गरेको छ ? सेवा दलको थप प्रभावकारिताका विषयमा के गर्न सकिएला ? भन्ने विषयमा यस लेखमा आफ्ना विचारहरू प्रस्तुत गरिएका छन् ।

### *विश्वमा राष्ट्रिय सेवा दलको अवधारणा*

राष्ट्रिय सेवा दलको अवधारणा सन् १६६६ मा जर्मनीबाट प्रारम्भ भएको मानिए तापनि यसको लिखित इतिहास १८५६ को क्रिमिया युद्धसँग जोडिएको छ । क्रिमियाको युद्धमा ब्रिटिस ९ जना सैनिकले ज्यान गुमाए पनि युद्धमा बचेका अन्य सैनिकको सहयोगबाट मृत्यु भएका सैनिकका अनाथ बालबालिकाले एउटा संगठन बनाएका थिए, जसलाई Naval Lads Brigade भनिन्थ्यो । उक्त Naval Lads Brigade क्रमिक रूपमा विकास भई सन् १९१४ मा पूर्णरूपमा सेवादलमा रूपान्तरण भयो । त्यसपछि अन्य राष्ट्रहरूमा (भारत, पाकिस्तान, अमेरिका, रसिया, सिंगापुर लगायत) यो अवधारणा अनुरूप सेवादल स्थापना गरी विभिन्न तालिम सञ्चालन गर्दै आएको छ । (Nepal Army, 2023)

विश्वका शक्तिशाली राष्ट्रहरूले पनि राष्ट्रिय सेवा दलको अवधारणालाई अवलम्बन गर्दै अमेरिका, बेलायत, इजरायल, जर्मनी, क्यानाडा, अष्ट्रेलिया, जमैका, पाकिस्तान, इजरायल, फिलिपिन्स, नर्वे, अष्ट्रिया, हंगेरी, फिनल्याण्ड, हङकङ, इन्डोनेसिया, आयरल्याण्ड, न्युजिल्याण्ड र रसियालगायतका राष्ट्रहरूमा विभिन्न उमेर समूहका स्कूलका विद्यार्थीलाई क्याडेट तालिम दिएर युवाहरूमा असल नागरिकको गुण, नेतृत्वदायी क्षमताको विकास, शारीरिक तन्दुरुस्तीको अभिवृद्धि गर्ने, आफ्नो देशको सेना तथा अन्य सुरक्षा अंगमा सेवा गर्न प्रोत्साहित गर्ने र राष्ट्रमा संकट परेको समयमा सेनालाई प्रत्यक्ष सहयोग गर्न रिजर्भ फौजको रूपमा परिचालन र प्रयोग गर्ने गरिएको पाइन्छ ।

शक्तिशाली राष्ट्र संयुक्त राज्य अमेरिकामा धेरै युवा क्याडेट संगठन रहेका छन् । अमेरिकामा हाईस्कुलहरूमा अमेरिकन आर्मी, एयर फोर्स, नेभी, मरिन र कोस्ट गार्डले Junior Reserve Officers´s Training Crops को नामबाट छुट्टाछुट्टै तालिमहरू सञ्चालन गरिरहेका हुन्छन् । यस्तै अमेरिकाले क्यालिफोर्निया राज्यमा मिडिल र हाई-स्कूलहरूमा क्यालिफोर्निया क्याडेट कोरका नामबाट समेत तालिम सञ्चालन गर्ने गरेको छ । (रेग्मी र राठौर, २०७४, पेज १८) यस्तै अष्ट्रेलियामा Australian Defence Force Cadets (ADFC), The King´s School Cadet Crops, St. John Ambulance Cadets र Country Fire Service Cadets को नामबाट पनि तालिम सञ्चालन गर्ने गरिएको छ । हाल श्रीलंका, सिंगापुर, भारत, घाना, बंगलादेश लगायतका राष्ट्रहरूले युवा क्याडेट कोरको तालिमलाई नेशनल क्याडेट कोर (एन.सी.सी) को नामबाट नै सञ्चालन गरिरहेका छन् । (Nepal Army, 2023)

छिमेकी मुलुक भारतमा प्रथम विश्वयुद्धकै समयमा सन् १९१७ मा 'युनिभर्सिटी कोर' को नामबाट विद्यार्थी क्याडेट तालिमको सुरुवात भएको थियो । विभिन्न समयमा ऐनको परिमार्जनसँगै यसको नाम परिवर्तन गर्ने क्रममा सन् १९४८ जुलाई १५ मा 'नेसनल क्याडेट कोर भारत' को स्थापना गरियो । भारत र पाकिस्तानबीच सन् १८६५ र सन् १९७१ को युद्धपछि एन.सी.सी. को पाठ्यक्रममा परिर्वतन गरी नेतृत्व क्षमता, सामाजिक सेवा र युवा

व्यवस्थापनलाई जोड दिइयो । (Nits, 2024) भारतको एन.सी.सी. मा विभिन्न स्कूल तथा कलेजका १० देखि १३ लाख छात्रछात्राहरूले प्रतिनिधित्व गर्दै संलग्न भएको तथ्याङकहरू भेटिन्छन् ।

***नेपालमा सेवा दलको स्थापना***

आजका युवा नै भोलिका राष्ट्रका संरक्षक हुन्, भन्ने तथ्यलाई आत्मसात् गर्दै प्रत्येक राष्ट्रले आफ्ना युवा वर्गको चौतर्फी विकासलाई एउटा मुख्य लक्ष्य अगाडि सार्दै लक्ष्य प्राप्तिका लागि विश्वमा नै National Cadet Corps (NCC) को अवधारणा विकास गरेको पाइन्छ । नेपालमा पनि आफ्ना युवा जनशक्तिलाई अनुशासित बनाई देशभक्तिको भावनाले ओतप्रोत पार्दै आफ्नो मातृभूमिप्रति अझ बढी जिम्मेवार बनाउन तत्कालीन श्री ५ को सरकारको मन्त्रिपरिषद्को मिति वि.सं. २०२२/०६/११ गते बसेको बैठकले नेपालमा पनि नेशनल क्याडेट कोर (एन.सी.सी) को स्थापना गर्ने निर्णय गरेको थियो । सोही दिनको निर्णयअनुसार तत्कालीन रक्षा सचिव उपरथी श्री क्षेत्रविक्रम राणाको अध्यक्षतामा गठित ३ सदस्यीय एन.सि.सि.सम्बन्धी समिति गठन गरिएको थियो । (रेग्मी र राठौर, २०७३, पेज १८)

नेपालको संविधान २०७२ ले दिएको अधिकारको पूर्ण पालना गर्दै नेपाल र नेपाली जनतामाथि नेपाली सेनाले सदैव आफ्नो जिम्मेवारी कटिबद्ध भएर अक्षरशः पालना गर्दै आएको सर्वविदितै छ । त्यसैले त युवालाई राष्ट्रप्रति जिम्मेवार नागरिक बनाउने जिम्मेवारीसमेत नेपाली सेनाले पाएको थियो । यसै समितिले एन.सि.सि.को स्थापनाका लागि तयारी स्वरूप योजनाहरूको तर्जुमा गरेको थियो । तत्कालीन समयमा एन.सि.सि. का उद्देश्य के हुने ? भन्ने विषयमा छलफल गर्ने क्रममा रक्षा मन्त्रालयको मिति वि.सं. २०२२/०६/२५ गतेको पत्र अनुसार एन.सि.सि.का तीन उद्देश्य निम्नअनुसार तोकिएको थियो :-

(क) छात्रछात्राहरूमा अनुशासन, चरित्र, स्वस्थता, भ्रातृत्व भावनाको विकास गर्ने ।

(ख) आवश्यक परेमा राष्ट्रको सुरक्षाका निमित्त तयार रहने ।

(ग) छात्रछात्राहरूमा देशको रक्षाप्रति अझ बढी रुचि बढाउनुका साथै भविष्यमा तत्कालीन शाही नेपाली सेनालाई योग्य अफिसरहरू छान्न एक समूह तयार गर्ने । (रेग्मी र राठौर, २०७३, पेज १९)

***राष्ट्रिय सेवा दलका शिक्षालयहरू***

| | |
|---|---|
| १ | राष्ट्रिय सेवा दल केन्द्रीय कार्यालय, जगन्नाथदेवल, काठमाडौं - मुख्यालय |
| २ | राष्ट्रिय सेवा दल पूर्वी तालिम शिक्षालय, मोरङ |
| ३ | राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय, हात्तिखोर, नवलपुर |
| ४ | राष्ट्रिय सेवा दल पश्चिम तालिम शिक्षालय, बाँके, कोहलपुर |
| ५ | राष्ट्रिय सेवा दल मध्यपूर्वी तालिम शिक्षालय, किसानगर, महोत्तरी |

*तालिका नं-१, स्रोत : राष्ट्रिय सेवा दलको भिडियो भाग-४४३*

सेवा दलको स्थापना भइसकेपछि २०२२ सालमा पहिलो समूहका प्रशिक्षार्थीहरूको भर्ना लिइएको थियो । जसमा १४ विद्यालयका ४४२ जना छात्र र ६२ जना छात्रा गरी जम्मा ५०४ जनाले तालिम लिएका थिए । यसरी छात्र छात्रालाई तालिम गराउने क्रममा सहभागी गराउँदा सम्बन्धित कलेज, प्रशिक्षार्थी विद्यार्थी र राष्ट्रिय सेवा दलबीच समन्वय तथा सुपर्यवेक्षण गराउन र अभिभावकलाई तालिमका बारेमा जानकारी दिन प्राध्यापकहरूको भूमिका अपरिहार्य रहेको ठहर गर्दै राष्ट्रिय सेवा दलको विशेष तालिम उपत्यकाभित्रका विभिन्न कलेजका केही प्राध्यापकलाई समेत दिइएको थियो । यसरी तालिम लिने प्राध्यापकको संख्या २०२२ मा ६ जना र २०२३ मा ५ जना गरी ११ जना रहेका थिए । (रेग्मी र राठौर, २०७३, पेज १८)

यसबाहेक सेवा दलले सन् २०३१ मा श्री ५ को सरकारको जिल्ला प्रशासनको योजना अनुसार प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) र पञ्चायत विकास अधिकारीहरूलाई (पं.वि.अ.) तालिम दिनुपर्ने आवश्यकता महसुस गरेपछि २०३२ सालदेखि २०४१ सालसम्म १४४ जना प्र.जि.अ.र ५७ जना प.वि.अ.लाई समेत उक्त तालिम प्रदान गरिएको थियो । सेवा दलको स्थापना वि.सं. २०२२ सालमै भएको भए तापनि ५ बर्षसम्म ऐन बन्न सकेको थिएन । वि.स. २०२७ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रले लालमोहोर लगाएपछि राष्ट्रिय सेवा दल ऐन, २०२७ जारी गरिएको थियो । (रेग्मी र राठौर, २०७३, पेज १८) यस ऐनले राष्ट्रिय सेवा दललाई सिनियर डिभिजन र जुनियर डिभिजन गरी दुई भागमा वाँडेको थियो । सिनियर डिभिजनमा विश्वविद्यालयका विद्यार्थी र जुनियर डिभिजनमा विद्यालयका विद्यार्थी भर्ना हुन सक्ने व्यवस्था गरेको थियो ।

***NCC तालिममा सहभागी क्याडेट छात्र-छात्राहरूको संख्यात्मक विवरण***

| सि.नं. | साल | सिनियर डिभिजन | | | | जुनियर डिभिजन | जम्मा | विद्यालयको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प.वि.अ | प्र.जि.अ. | प्रा. | क्याडेट | | | | |
| १ | २०२२ | | | ६ | ५०४ | | ५१० | १४ | |
| २ | २०२३ | | | ५ | २३५ | | २४० | ७ | |
| ३ | २०२४ | | | | ३२७ | | ३२७ | ९ | |
| ४ | २०२५ | | | | २४९ | | २४९ | ७ | |
| ५ | २०२६ | | | | ५०१ | | ५०१ | १४ | |
| ६ | २०२७ | | | | ५०० | | ५०० | १४ | |
| ७ | २०२८ | | | | ५०० | | ५०० | १४ | |
| ८ | २०२९ | | | | ५०० | | ५०० | १४ | |
| ९ | २०३० | स्थगित | | | | | | | |
| १० | २०३१ | | | | | ५०० | ५०० | १४ | |
| ११ | २०३२ | | १४४ | | | ५०० | ६४४ | १४ | |
| १२ | २०३३ | | | | | ५०० | ५०० | १४ | |
| १३ | २०३४ | ५७ | | | | ५०० | ५५७ | १४ | |
| १४ | २०३५-२०७० | | | | | १८००० | १८००० | ५०० | |
| १५ | २०७१ | | | | ३६७ | २३३ | ६०० | १६ | |
| १६ | २०७२ | | | | ४३२ | १५६८ | २००० | ५५ | |
| १७ | २०७३ | | | | ४३६ | ३५६४ | ४००० | ११२ | |
| १८ | २०७४ | | | | ५४० | ५४६० | ६००० | १६७ | |
| १९ | २०७५ | | | | १०९२ | ६४०८ | ७५०० | २०८ | |
| २० | २०७६ | | | | १०८० | ६६२४ | ७७०४ | २१४ | |
| २१ | २०७७ | कोभिड-१९ का कारण NCC तालिम सञ्चालन नभएको । | | | | | | | |
| २२ | २०७८ | | | | १६५६ | ६०८४ | ७७४० | २१५ | |
| २३ | २०७९ | | | | १७२८ | ५९७६ | ७७०४ | २१४ | |
| २४ | २०८० | | | | १६५६ | ६०४८ | ७७०४ | २१४ | |
| जम्मा | | ५७ | १४४ | ११ | १२३०३ | ६१९६५ | ७४४८० | २०६४ | |

*तालिका नं २, स्रोत : राष्ट्रिय सेवा दल*

***सिनियर डिभिजन तालिम***

वि.स. २०२२ सालदेखि २०३० सालसम्म राष्ट्रिय सेवा दलको सिनियर डिभिजनको तालिम सञ्चालन हुँदा नेपाली समाजमा एउटा नयाँ तरंग उत्पन्न भएको पाइन्छ । काठमाडौं उपत्यकामा अध्यनरत विद्यार्थीहरूले नेपाली सेनाको बारेमा प्रत्यक्ष तालिममा सहभागी भएर सेनाबाट नै सेनाको बारेमा जानकारी लिने व्यवस्थाको सुरुवात भएको थियो । राष्ट्रिय सेवा दलको सिनियर डिभिजन कार्यक्रमले ८ बर्षभित्रमा नेपाली समाजमा ज्यादै सकारात्मक सन्देश प्रवाह गर्न सकेको छ ।

वि.सं. २०३० सालमा राष्ट्रिय विकास सेवा कार्यक्रम लागु भएपछि तत्कालीन श्री ५ को सरकार राष्ट्रिय शिक्षा समितिले राष्ट्रिय सेवा दलमा केही फेरबदल गर्ने निर्णय गरेको थियो । स्थापनाकालमा कलेजमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि सिनियर डिभिजन तालिम सञ्चालन गरेको सेवा दलले वि.स.२०३१ बाट विद्यालय तहका कक्षा ८ र ९ मा अध्ययनरत छात्र, छात्राहरूका लागि जुनियर डिभिजन सुरु गऱ्यो । २०३० सालदेखि २०७० सालसम्म स्थगित भएको सिनियर डिभिजनको तालिम २०७१ सालबाट पुनः उच्च माध्यामिक विद्यालयस्तरका छात्र, छात्राहरूलाई सिनियर डिभिजनको तालिम प्रदान सुरु गऱ्यो । (विद्यार्थीलाई गोरेटो देखाउँदै, २०८०) । वि.सं. २०२२ सालदेखि २०८० सालसम्म आइपुग्दा १२ हजार ५ सय १५ जना युवा विद्यार्थी यस तालिममा सहभागी भइसकेको राष्ट्रिय सेवा दलले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ ।

***सिनियर डिभिजन तालिमको महत्त्व***

(क) नेतृत्व गर्ने क्षमताको विकास गर्नुका साथै आत्मविश्वास अभिवृद्धि गर्न टेवा पुऱ्याउँछ ।

(ख) सैन्य सेवाप्रति आकर्षण जागृत गराउँछ ।

(ग) परिवार र समाजमा गर्ने सकारात्मक भावना र व्यवहारको विकास गराउँछ ।

(घ) आत्मनिर्भर बन्नका लागि प्रेरित गर्दछ ।

(ङ) प्राकृतिक प्रकोपबाट आउन सक्ने समस्याहरूसँग बच्न र बचाउन सक्ने क्षमताको वृद्धि गराउँछ ।

(च) तालिममा सञ्चालन हुने क्रियाकलापद्वारा युवा पिंढीहरूको लागुऔषध दुर्व्यसनी बन्नबाट रोक्न सहयोग पुऱ्याउँछ ।

***राष्ट्रिय सेवा दलले प्रदान गर्दै आएको सिनियर र जुनियर डिभिजनको मापदण्ड एवं तालिम पाठ्यक्रम***

| | सिनियर डिभिजन | जुनियर डिभिजन |
|---|---|---|
| मापदण्ड | (क) उच्च माध्यमिक तहमा अध्ययनरत<br>(ख) उमेर कम्तिमा १६ देखि २१ वर्ष<br>(ग) उचाई<br>- छात्रको कम्तिमा ५ फिट<br>- छात्राको कम्तिमा ४ फिट १० ईञ्च<br>(घ) साधारण मेडिकल परिक्षणमा पास<br>(ङ) विद्यालयमा नियमित रूपमा हाजिर | (क) कक्षा ८,९ र १० मा अध्ययनरत<br>(ख) १४ बर्षदेखि १८ बर्षसम्म<br>(ग) छात्र, छात्राहरूको उचाईको हकमा छात्रको ५ फिट र छात्राको ४ फिट १० ईन्च हुनुको साथै वजन उचाई अनुसारको हुनुपर्ने<br>(घ) साधारण मेडिकल परिक्षणमा पास<br>ङ) विद्यालयमा नियमित रूपमा हाजिर |
| तालिम | क्याडेट छात्र, छात्राहरूको कूल तालिम अवधि १०० दिन रहेको छ ।<br>(क) स्थान विशेषमा ७९ दिन ।<br>(ख) वार्षिक सामुहिक क्याम्प २१ दिन । | क्याडेट छात्र, छात्राहरूको कूल तालिम अवधि १०० दिन रहेको छ ।<br>(क) स्थान विशेषमा ७९ दिन ।<br>(ख) वार्षिक सामुहिक क्याम्प २१ दिन । |

| | | |
|---|---|---|
| तालिम सिलेबस | (क) संस्थागत तालिम<br>स्थान विशेषमा सञ्चालन हुने ७९ दिनको संस्थागत तालिममा निम्न विषयहरू समावेश गरिनेछ । | संस्थागत तालिम अन्तर्गत आ-आफ्नो स्थान विशेषमा छात्र, छात्राहरूलाई सैनिक जीवनका आधारभुत तालिमहरू दिइन्छ, जुन ७९ दिनको हुनेछ । यस तालिमको उद्देश्य छात्र, छात्राहरूलाई सैनिक जनजीवनको साथै उनीहरूलाई शारीरिक तथा मानसिक रूपमा चुस्त, फुर्तिलो, कर्तव्यबोध गर्न सक्ने असल व्यक्तित्व भएको एक अनुशासित नागरिक बनाउनु हो । यसअन्तर्गत निम्न तालिम रहेको छ । |
| सामुहिक वार्षिक | (क.क) शारीरिक तालिम<br>- शारीरिक व्यायाम<br>- मास पि.टी.<br>- तेक्वाण्डो पि.टी.<br>- बक्सिङ्ग | (क.क) शारीरिक तालिम<br>- एरोविक्स,<br>- तेक्वाण्डो पि.टी.<br>- मास पि.टी. |
| | (क.ख) ड्रिल<br>- खाली हात ड्रिल<br>- खुकुरी ड्रिल<br>- सेरोमोनियल ड्रिल | (ख.ख) सैनिक ज्ञान<br>- ड्रिल<br>- खुकुरी ड्रिल<br>- एफ.सि/वि.सि.,<br>- नक्सा अध्ययन, |
| | (क.ग) सैनिक कला<br>- फिल्ड क्राफ्ट<br>- ब्याटल क्राफ्ट<br>- नक्सा<br>- कम्पास जि.पि.एस. | (ग.ग) विपद् व्यवस्थापन<br>- विपद् व्यवस्थापनको परिचय<br>- विपद् व्यवस्थापनको परिचय<br>- नेपालमा घट्ने बिभिन्न किसिमका बिपद्<br>- विपद्को अवस्थामा स्वयंसेवकको भुमिका तथा कर्तव्य |
| | (क.घ) हतियार तालिम तथा फायरिङ्ग | |
| | (क.ङ) साहसिक तालिम (उपलब्धता अनुसार कुनै)<br>- घोडचढी<br>- स्विमिङ्ग<br>- ऱ्याफ्टिङ्ग<br>- रक क्लाईम्विङ्ग<br>- ट्रेकिङ्ग<br>- हाईकिङ्ग<br>- साईक्लिङ्ग<br>- रिपेलिङ्ग | (ख) बार्षिक सामूहिक क्याम्प<br>(ख.क) शारीरिक तालिम<br>- साधारण पि.टि.<br>- मास पि.टी.<br>- एरोविक्स,<br>- तेक्वाण्डो<br>(ख.ख) सैनिक ज्ञान<br>- ड्रिल<br>- खुकुरी ड्रिल<br>- एफ.सि.वि.सि.,<br>- नक्सा अध्ययन, |

| | | |
|---|---|---|
| | ख) सामूहिक वार्षिक क्याम्प<br>२१ दिने सामूहिक क्याम्प सञ्चालन गरिन्छ । जसमा निम्नानुसार तालिम सञ्चालन गरिने व्यवस्था रहेको छ ।<br>- सैनिक कला अभ्यास<br>- Obstacle<br>- खेलकुद<br>- शारीरिक तालिम अभ्यास<br>- विपद् व्यवस्थापन तथा उद्धार<br>- प्राथमिक उपचार अभ्यास<br>- Guest Lecture<br>- सास्कृतिक कार्यक्रम<br>- Passing Out Parade | (ख.ग) विपद् व्यवस्थापन<br>- ईम्प्रोभाईज स्वीमङ्गि एड बनाउने तरिका<br>- खोज तथा उद्धार<br>- कम्व्याट लाईफ सेवर<br>- बिरामी छुट्याउने तरिका (ट्रायज)<br>(ख.घ) पर्सनालिटी डेभलपमेन्ट<br>- विषयगत विशेषज्ञद्वारा कक्षा<br>- पब्लिक स्पिकिङ्ग<br>- मोटिभेसनल ब्रिफिङ्ग<br>- लिडरसिप<br>(ख.ङ) विभिन्न सांस्कृतिक प्रतियोगिता<br>- विविध खेलकुद तथा सैनिक ज्ञान सम्बन्धी प्रतियोगिता |

*तालिका नं-३, स्रोत : राष्ट्रिय सेवा दलको वेवसाइट र सम्बन्धित बिभिन्न पुस्तकहरूको अध्ययन ।*

### *जुनियर डिभिजन तालिम*

वि.सं. २०३० सालमा सेवा दलको सिनियर डिभिजनको तालिम स्थगित गरी वि.स. २०३१ बाट जुनियर डिभिजनको तालिम सुरु गर्ने निर्णयले यस सन्दर्भमा एउटा नयाँ अध्यायको सूत्रपात गरेको थियो । वि.सं. २०३१ वैशाख १ गतेदेखि सुरु गरिएको राष्ट्रिय सेवा दलको जुनियर डिभिजनको तालिमलाई काठमाडौं उपत्यकाभित्र मात्र सीमित नराखेर बाहिरसमेत सञ्चालन गर्ने निर्णय गरियो । (रेग्मी र राठौर, २०७३, पेज ६२)

सिनियर डिभिजन तालिममा जस्तै यसमा पनि बार्षिक एक सय दिनको तालिम प्याकेज तयार गर्ने गरिएको छ । जसमध्ये ७९ दिन स्कूलहरूको आ-आफ्नो स्थान विशेषमा संस्थागत तालिम दिइने गरिएको र बाँकी २१ दिन सामूहिक वार्षिक क्याम्प सञ्चालन गर्ने गरिन्छ । क्याम्पमा तालिमरत छात्र, छात्राहरूको सहभागिताले गर्दा एक आपसमा आ-आफ्नो जिल्लाका सामाजिक, धार्मिक, सांस्कृतिक, भौगोलिक स्वरूप, भाषा, भेषभूषा आदिका अतिरिक्त आ-आफ्नो स्कूलको पठनपाठनको तरिका तथा स्कूलमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप सम्बन्धमा एक आपसमा विचारको आदानप्रदानले छात्र, छात्राहरूबीच भातृत्वको भावना विकास गराउन मद्दत पुऱ्याउँछ ।

### *जुनियर डिभिजन तालिमको महत्त्व*

(क) १४ बर्षदेखि १८ बर्षसम्मका छात्र, छात्राहरू समावेश गरी सञ्चालन गर्ने भएकाले शारीरिक तथा मानसिक विकासमा मात्र नभएर उनीहरूमा रचनात्मक गुण, अभिवृद्धि, सामाजिक परिवेशको महत्त्व, सामूहिक शक्तिको महत्त्व आदि गुणहरूको विकासमा पनि मद्दत पुऱ्याउन सकिन्छ ।

(ख) यो उमेर समूह जान्न इच्छुक तथा सिकाएका कुराहरूलाई सरल ढङ्गबाट लिन र सिक्न सक्ने भएकाले जुनियर डिभिजन तालिम प्रभावकारी देखिन्छ ।

(ग) छात्र, छात्राहरूको अनुशासनमा वृद्धि गराउँछ ।

(घ) छात्र, छात्राहरूलाई गराउने विभिन्न वाह्य क्रियाकलापद्वारा स्वावलम्बी भावनाको विकास गराउँछ ।

***राष्ट्रिय सेवा दलबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका मुख्य कार्यको विवरण***

| क्र.सं. | मुख्य कार्यको विवरण |
|---|---|
| १ | रा.से.द.अन्तर्गत तालिम शिक्षालयहरूमा गरी जम्मा ५०४ जना ई.आ.ई शिक्षकहरूलाई सहभागी गराई शिक्षक रिफ्रेसर तालिम सम्पन्न । |
| २ | ७५ वटै जिल्लाहरूमा NCC तालिमको लागि सिफारिस प्राप्त ५२२ वटा विद्यालयहरूमध्ये जुनियर डिभिजन NCC तालिमको लागि १६९ वटा विद्यालय र सिनियर डिभिजन NCC तालिमको लागि ४५ वटा विद्यालयहरू छनौट । |
| ३ | आ.व. २०८०/८१ सम्म दीक्षित ७४,४८० क्याडेट छात्र, छात्रा क्याडेटलाई जिल्ला, प्रदेश र केन्द्रीयस्तरको NCC Almuni Association मा संगठित गर्ने कार्यको निरन्रतार । |
| ४ | तालिम प्राप्त दीक्षित क्याडेटहरूको विवरण सफ्टवेयरमा अद्यावधिक गर्ने कार्य सुचारु । |
| ५ | रा.से.द. संस्थागत तालिममा ७,७०४ जना क्याडेट छात्र, छात्राहरू सहभागी गराई तालिम सञ्चालन । |
| ६ | NCC तालिमका लागि छनौट भएका विद्यार्थीहरूलाई आवश्यक पर्ने पोशाकको बोलपत्र आह्वान । |
| ७ | NCC तालिमको लागि छनौट भएका विद्यार्थीहरूमा नजिकको युनिटबाट हतियारहरू बालगिरीमा ल्याइ चाँदमारी फायरिङ सम्पन्न । |
| ८ | दुर्गम स्थानमा रहेका १०० वटा विद्यालयमा तालिम सञ्चालनका लागि प्रहरी चौकीमा ५४ जना, सशस्त्र प्रहरी वेसमा ७ जना, छात्रवासमा १४५ जना, स्वास्थ्य चौकीमा ३ जना, वडा कार्यालय भवनमा २ जना, विद्यालयले व्यवस्था गरेको स्थानीयको घरमा ११ जना गरी जम्मा २२२ जना NCC शिक्षकहरू ब्यारेक वाहिर व्यवस्थापन गरी तालिम सञ्चालन । |
| ९ | सामूहिक क्याम्पका लागि आवश्यक पर्ने राशन तथा सवारी साधनको बोलपत्र आह्वानको कार्य सम्पन्न । |
| १० | मित्रराष्ट्र भारतको १८ जना NCC Delegation Team को छनौट तथा तयारी । |
| ११ | मित्रराष्ट्र पाकिस्तान र भारतमा सहभागी भई जाने NCC Delegation Team को छनौट तथा तयारी । |
| १२ | ५.५६ मि.मि. ईन्सास राईफल नाल १२० र सो को एम्युनिशन २४,३०० निकासा गरी ल्याउने कार्य सम्पन्न । |
| १३ | क्याडेट छात्र, छात्राहरूलाई सहभागी गराई साहसिक तालिम अन्तर्गत रहेको स्विमिङ्ग अभ्यास सम्पन्न । |

*तालिका नं-४, स्रोत : राष्ट्रिय सेवा दल*

सेवा दलबाट सञ्चालन हुने तालिम शिक्षा मन्त्रालयसँगको समन्वयमा विद्यालय तथा विद्यार्थी छनौट गर्ने गरिन्छ । दुई चरणमा सञ्चालन हुने तालिममा पहिलो चरणमा ७९ दिनको संस्थागत तालिम प्रदान गरिन्छ । यस तालिमले विद्यार्थीहरूको पठनपाठनमा कुनै समस्या पार्दैन भने दोस्रो चरणमा २१ दिनको वार्षिक सामूहिक क्याम्प सञ्चालन गर्ने गरिन्छ । सेवा दलले दिँदै आएको तालिमका विषयमा कतिपयले नबुझेर यसको आलोचना पनि नगरेका भने होइनन् । तरपनि सेवा दल मार्फत् अनुशासन, राष्ट्रप्रेम र राष्ट्रियताप्रति तालिम प्रदान गर्ने सबैभन्दा उपयुक्त नेपाली सेना रहेको ठहर गर्दै सेवा दलको तालिम सञ्चालनको महत्त्वपूर्ण जिम्मेवारी अन्तर्राष्ट्रिय मूल्य, मान्यता अनुसार नै नेपाली सेनालाई सुम्पिएको हो ।

**'अनुशासन नै राष्ट्र सेवाको मूल जग हो'** भन्ने मुख्य आदर्श वाक्य भएको रा.से.द को प्रमुख संरक्षक नेपाल सरकारको प्रधानमन्त्री तथा सह-संरक्षक रक्षामन्त्री र नेपाली सेनाका प्रधानसेनापति रहने प्रावधान रहेको छ। अहिलेका युवामा पढाइमा ध्यान नदिनु, धैर्यको कमी हुनु, राष्ट्र र राष्ट्रियताप्रतिको जिम्मेवार नहुनु, रोजगारी वा शिक्षाका लागि विदेशिन बाध्य हुनु, कुलतमा फस्नु र गलत साथी संगतले आपराधिक क्रियाकलापमा संलग्न हुने क्रम दिनानुदिन बढ्दै गएको छ। गलत क्रियाकलापमा संलग्न काँचो माटोका रूपमा कलिला युवालाई नेपाली सेनाले सेवा दलको माध्यमबाट उनीहरूलाई तालिम दिएर उज्ज्वल भविष्यतर्फ लम्कन उत्प्रेरणा सिर्जना मात्र गरेका छैनन्, पारिवारिक दायित्व बहन गर्न देश र राष्ट्रलाई आपत्-विपत् परेको अवस्थामा तत्काल परिचालन गर्न सकिने फौजसमेत तयार पारेका छन्।

समाजमा विकृति, बिसङ्गति बढ्दो क्रममा रहेका छन्। युवाले राष्ट्रप्रति सम्मान गर्ने कार्यमा ह्रास आएको छ। त्यसैले युवा जमातलाई केही हदसम्म समाज र राष्ट्रलाई माया गर्न युवालाई प्रेरित गर्न सेवा दलले महत्त्वपूर्ण कार्य गरिरहेको छ। "सेवा दलको मूल उद्देश्य भनेको देशलाई माया गर्ने अनुशासित नागरिक बनाउनु नै भएको" राष्ट्रिय सेवा दलका तत्कालीन कार्यकारी महानिर्देशक उपरथी सुरेश कुमार कार्कीले बताउनुभयो। जीवनको ३७ बर्ष नेपाली सेनामा सेवा व्यतीत गर्नुभएका कार्कीले नेपाली सेनाको जागिरको क्रममा देश र राष्ट्रका लागि सही ठाउँ सेवा दल हो, भन्ने लागेको बताउनुभयो। (अन्तर्वार्ता, अक्टोबर २९, २०२४)

***राष्ट्रिय सेवा दलको तालिम लिनुभएका र उच्च सरकारी तहमा पुग्नुभएका केही महानुभावहरुको विवरण***

| क्र.सं. | क्याडेट व्यक्तिको नाम | एन.सि.सि. तालिममा सहभागी भएको वर्ष | कैफियत |
|---|---|---|---|
| | पुष्पकमल दाहाल | २०२७, २०२८ | पूर्वप्रधानमन्त्री |
| | नरहरी आचार्य | - | पूर्वमन्त्री, नेपाल सरकार |
| | विश्वम्भर प्याकुरेल | २०२२, २०२४ | अर्थशास्त्री |
| | आसबहादुर तामाङ्ग | - | उपरथी |
| | विवेक कुमार शाह | २०२२, २०२४ | रथी |
| | आनन्द अधिकारी | २०३८, २०३९ | पूर्वउपरथी एवं गीतकार |
| | आङछिरिङ लामा | २०२७, २०२८ | पूर्व कृषिमन्त्री, नेपाल सरकार |
| | बासुदेव ओली | २०२८, २०२९ | पूर्व महानिरीक्षक, सशस्त्र प्रहरी |
| | राजेन्द्र कार्की | २०३१, २०३२ | उपरथी |
| | अनुज बहादुर बस्नेत | २०३१, २०३२ | उपरथी |
| | टीका धमला | २०२८, २०२९ | उपरथी |

*तालिका-५, स्रोत : राष्ट्रिय सेवा दल*

यसै अनुसन्धानात्मक लेखका लागि गरिएका कतिपय अनौपचारिक कुराकानीबाट के पुष्टि हुन्छ भने, ' तालिम सकेर घर फर्केका हरेक युवा वर्गबाट व्यक्तित्व र नेतृत्व क्षमताको विकास, आफ्नो समाज र राष्ट्रप्रति समर्पित हुने भावनाले ओतप्रोत भएर समाजमा विद्यमान कु-संस्कार, नकारात्मक भावना आदि सबै त्यागेर समाज र राष्ट्रको भलो चिताउने र सदैव समर्पित हुन प्रतिवद्ध हुने गरेका छन्।' नेपालको राष्ट्रिय गानमा 'सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली' भनिएजस्तै सेवा दलको २१ दिने वार्षिक सामूहिक क्याम्पमा सबै जातजाति, धर्म, हिमाल, पहाड र तराईका पूर्व पश्चिमसम्ममा सबैलाई एकै ठाउँमा जम्मा गराई आपसमा भएको ज्ञान, सीप,

अनुभव, कला र संस्कृति साटासाट गर्ने गरिन्छ । सेवा दलले सञ्चालन गर्दै आएको जुनियर र सिनियर डिभिजनको तालिमले देशकै मेरुदण्डको रूपमा रहेका युवा शक्तिलाई आफ्नो बानी, व्यवहारमा परिवर्तनकारी भूमिका मात्र नभई समग्र राष्ट्र र राष्ट्रियताप्रति उत्तरदायी बन्दै देशभक्तिको भावना जागृत गराई राष्ट्रप्रति समर्पित बनाउने कार्यको मुक्तकण्ठले प्रशंसा गर्दा अनुपयुक्त नहोला ।

***राष्ट्रिय सेवा दलका स्थापनाकालदेखि हालसम्मका निर्देशक एवं प्रमुखहरूको सूची***

| क्र.सं. | प्रमुखको नाम | पद एवं जिम्मेवारी | कार्यकाल अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | उपसचिव श्री गम्भीरध्वज गुरुङ | निर्देशक | २०२२।०६।१४- २०२३।०३।३२ | रक्षा मन्त्रालय उपसचिव |
| २ | अनरेरी उपरथी श्री पहलसिंह लामा | प्रमुख | २०२३।०४।०१ - २०२३।०४।०३ | नेपाल प्रहरीका पूर्व आइ.जी.पी |
| ३ | अनरेरी म.से. श्री श्रीप्रसाद बुढाथोकी | प्रमुख सल्लाहकार | २०२५।०७।१५ - २०३१।०१।२० | करिब १४ महिना पद खाली भएपछि भारतीय सेनाको प्र.से. बाट राजीनामा गरी एक तह बढुवा गरी अ.म.से. दर्जामा नियुक्ति |
| ४ | सेनानी अर्जुनविक्रम शाह | निमित्त प्रमुख सल्लाहकार | २०३१।०१।२० - २०३३।०८।१५ | |
| ५ | महारथी श्री प्यारजंग थापा | निमित्त प्रमुख सल्लाहकार | २०३३।०८।१६ - २०३४।०३।२७ | प्रमुख सल्लाहाकार नियुक्त नहुंदा |
| ६ | म.से. श्री चन्द्रबहादुर राई | प्रमुख सल्लाहकार | २०३६।०८।१८ - २०४३।०८।१८ | |
| ७ | स.र. श्री नारायणचन्द्र मल्ल | प्रमुख सल्लाहकार | २०४३।०९।१४ - २०४७।०४।०४ | |
| ८ | म.से. श्री अम्बिकाप्रसाद शर्मा | प्रमुख सल्लाहकार | २०४८।०३।३१ - २०५२।०५।३१ | |
| ९ | म.से. श्री गीर्वाणबिक्रम शाह | प्रमुख सल्लाहकार | २०५२।०६।०१ - २०५८।१२।१९ | |
| १० | स.र. श्री मोहन चेम्जोङ्ग | प्रमुख सल्लाहकार | २०५९।०१।०५ - २०६३।०१।०९ | |
| ११ | स.र. श्री बिष्णुबहादुर गुरुङ | प्रमुख सल्लाहकार | २०६३।०३।१९ - २०६५।०३।२० | |
| १२ | स. र. श्री आमोदनरसिंह राणा | निमित्त प्रमुख सल्लाहकार | २०६५।०६।२३ - २०६६।०२।१२ | |

| | | | | |
|---|---|---|---|---|
| १३ | स.र. श्री यमबहादुर थापा | प्रमुख सल्लाहकार | २०६६।०३।१२ - २०६८।०३।०१ | |
| १४ | स.र. श्री श्यामबहादुर थापा | प्रमुख सल्लाहकार | २०६८।०३।२२ - २०७०।०५।०२ | |
| १५ | उपरथी रमीन्द्र क्षेत्री, पिएचडी | महानिर्देशक | २०७०।०७।२७ - २०७४।०७।२८ | २०७४।०४।०१ बाट केहि समय कार्यकारी महानिर्देशक रहनुभएको |
| १६ | स.र. श्री कृष्ण मुरारी न्यौपाने | निर्देशक | | |
| १७ | उपरथी श्री रघु भण्डारी | महानिर्देशक | | |
| १८ | उपरथी श्री सुरेश कुमार कार्की | कार्यकारी महानिर्देशक | २०७९ मंसिर देखि २०८१ मसिर सम्म | |
| १९ | स. र. महेश कुमार थापा | निमित्त कार्यकारी महानिर्देशक | २०८१ मंसिर देखि | |

*तालिका नं-६, स्रोत : राष्ट्रिय सेवा दलको वेवसाइट र विभिन्न पुस्तकको अध्ययन*

***सेवा दलको युवा आदानप्रदान कार्यक्रम***

सेवा दलले प्रदान गर्ने तालिम अवधिभर उत्कृष्ट क्याडेट छात्र, छात्राहरूको छनौट गरी युवा आदानप्रदान कार्यक्रम गर्ने गरिन्छ। नेपालमा वि.सं. २०५६ सालबाट युवा आदान प्रदान कार्यक्रम (Youth Exchange Programme) आयोजना गर्न थालिएको थियो। वि.सं. २०२६ मा छिमेकी राष्ट्र भारतमा भएको युवा आदानप्रदान कार्यक्रममा नेपालले पहिलो पटक सहभागिता जनाएको थियो। त्यसपछि क्रमशः वि.स. २०५३ देखि श्रीलंकामा, २०७२ देखि बंगलादेशमा र २०७५ बाट भुटान, माल्दिभ्स र पाकिस्तानमा समेत सहभागी हुन थालेको छ। (सिपाही, २०८०) यसरी नेपाली क्याडेटहरू अन्य देशका युवा आदानप्रदान कार्यक्रममा सहभागिता जनाएजस्तै अन्य देशका क्याडेटहरूले समेत नेपालको युवा आदानप्रदान कार्यक्रममा सहभागिता जनाउने गरेका छन्।

राष्ट्रिय सेवा दलको बार्षिक उत्सव, महाशिवरात्री तथा सेना दिवसको अवसर पारेर उपर्युक्त मित्रराष्ट्रहरूबाट NCC का छात्रछात्राहरूलाई निमन्त्रणा गर्ने परम्परा रहँदै आएको छ। यसरी युवा आदानप्रदान कार्यक्रमले छिमेकी राष्ट्रहरूबीच धर्म, संस्कृति प्रदानमा सघाउ पुऱ्याउने गर्दछ। त्यति मात्र नभई नेपालको पर्यटन प्रबर्द्धनमा समेत युवा आदानप्रदान कार्यक्रमले महत्त्वपूर्ण सहयोग गर्ने गरेको छ। हालसम्म नेपालमा रा.से.द.का छात्र, छात्राहरू भारतमा २ सय ३९, श्रीलंकामा ९०, बंगलादेशमा ४८, भुटानमा २३, माल्दिभ्समा १६, पाकिस्तानमा ३३ र सिंगापुरमा २० जना सहभागी भइसकेका छन्। (सिपाही, २०८०)

***एन.सि.सि. अल्मुनाई एसोसिएसन***

एन.सि.सि. अल्मुनाई मार्फत् एन.सि.सि. तालिम लिएका क्याडेट छात्र, छात्रालाई एकत्रित बनाउने संस्था हो। राष्ट्रिय सेवा दलले प्रदान गरेको तालिमप्राप्त युवाहरूलाई संगठित बनाई एन.सि.सि. अल्मुनाई एसोसिएसनले हालसम्म देशका ७ प्रदेश ७७ वटै जिल्लामा विस्तार गरी संगठित रूपमै विपद् व्यवस्थापन तथा अन्य विविध सामाजिक कार्यहरूमा पूर्व क्याडेटहरूलाई संलग्न गराउने काम गर्दै आएको छ।

एन.सि.सि. अल्मुनाई एसोसिएसनका प्रमुख सल्लाहकार निगम हुमागाँईले कोरोना महामारी, भूकम्पदेखि बर्षेनी आउने वाढी-पहिरोका समयमा एन.सि.सि. का तालिमप्राप्त क्याडेटहरुले उत्कृष्ट कार्य गर्नुका साथै कोभिडको समयमा पाल्पाका विद्यार्थीहरूले फेस सिल्ड नै निर्माण गरेर प्रशंसनीय कार्य गरेको बताउनुभयो । खासगरी तराइमा जरो गाडेको दाइजोप्रथा, छोरीचेलीमाथि हुने विभेद, बलात्कार लगायतका घटनामा पनि त्यहाँका छात्राले यो तालिम लिएपछि आत्मबल बढ्नुका साथै उनीहरूमाथि हेपाहा प्रवृत्तिमा समेत कमी आएको उहाँको बुझाइ छ । सेवा दलको ऐनमा एन.सि.सि. अल्मुनाई समावेश नहुँदा थप काम गर्नका लागि कठिनाइ भएको भन्दै अल्मुनाइलाई ऐनमै समावेश गरेर राज्यले छुट्टै स्रोत, साधनको व्यवस्था गरिदिने हो, भने यसले युवाको शारीरिक, व्यक्तिगत आचरणका साथै देशप्रति समर्पित बन्ने स्वदेशमै केही गर्नुपर्छ भन्ने भावना भएका युवाहरूको संख्या वृद्धि गर्न अतुलनीय योगदान पुऱ्याउनेछ । नेपाली सेनाले एन.सि.सि. तालिमद्वारा दीक्षित क्याडेटहरुलाई अल्मुनाइ मार्फत विविध कार्यक्रमहरुमा साथ, सहयोग पुऱ्याएकोमा एन.सि.सि. अल्मुनाइ गौरवमय नेपाली सेनाप्रति धन्यवाद व्यक्त समेत गर्दछ । (अन्तर्वार्ता, नोभेम्बर ४, २०२४)

नेपाल प्राकृतिक विपत्तिले उच्च जोखिममा रहेको छ । वर्षेनि जाने ठूला बाढी पहिरो, महाभूकम्प, महामारी लगायत देश र राष्ट्रलाई संकट परेको अवस्थामा भोलेन्टियर फोर्सको रूपमा एन.सि.सि. एल्मुनाई एसोसिएसन जनताका पीडामा मलम लगाउन सदैव तयारी अवस्थामा रहेको छ ।

**थप प्रभावकारिताको पहल र सुझाव**

एन.सि.सि. तालिमले नेपाली युवाहरूमा सकारात्मक प्रभाव पारेकोमा कुनै दुई मत नहोला । तथापि सेवा दलले दिने यस तालिमलाई अझ प्रभावकारी बनाउन सके देशप्रति युवालाई लगनशीलता र राष्ट्रप्रति थप जिम्मेवार बनाउन सकिएला । सेवा दलको वि.सं. २०२७ सालमा पारित भएको राष्ट्रिय सेवा दलको ऐन, २०२७ (संशोधन २०६६) पुरानो भइसकेको अवस्थामा त्यस ऐनलाई वर्तमान समयमा सुहाउँदो तरिकाले परिमार्जन गर्नु अपरिहार्य भएको छ । कतिपय स्थानीय तहले आफ्नै खर्चमा समेत सेवा दलको तालिम सञ्चालन गर्न चाहेको भएपनि ऐनकै कारण नपाएको यसै अनुसन्धान तथा खोजका क्रममा पाइएको हुँदा ऐनलाई सोही अनुरूप परिमार्जन गर्दा अझ व्यावहारिक हुनेछ भन्ने लाग्छ । यस्तै वडा तथा स्थानीय तहका जनप्रतिनिधिदेखि संघका सांसद र नेपाल सरकारका मन्त्रीहरूलाई सेवा दलको तालिम के हो ? र यसले कसरी युवा विद्यार्थीले के-कसरी तालिम लिइरहेका छन् ? भन्ने विषयमा जानकार बनाउन सकिन्छ । सेवा दललाई मुख्य रूपमै सघाउ पुऱ्याइरहेको एन.सि.सि.अल्मुनाई एसोसिएसनलाई पनि ऐनमै समेट्नुपर्दछ ।

छिमेकी मुलुक भारतमा एन.सि.सि. तालिमप्राप्त छात्र, छात्रालाई सरकारी सेवामा प्रवेश गर्ने क्रममा २० प्रतिशत अंक दिने गरिएको छ । नेपालमा पनि तालिम प्राप्त क्याडेटहरूलाई यसरी उत्प्रेरित बनाउने हो भने, आगामी दिनमा रोजगारीकै निम्ति विदेशिने युवाको संख्यामा थोरै भएपनि कमी ल्याउन सकिनेछ र युवाले आफ्नै देशमा भविष्य खोज्नेछन् । आजका बालबालिका भोलिका युवा हुन्, यसैलाई आत्मसात् गर्दै सेवा दल मार्फत् कक्षा ८ देखि १२ सम्म अध्ययनरत शिक्षार्थीलाई तालिम दिँदै आएको छ । छात्र, छात्राको कलिलो मानसपटललाई परिवर्तन गर्नका लागि यो तालिम दिने गरिएको छ । तर नेपालको संविधानले १६ बर्षदेखि ४० बर्षसम्मलाई युवाको परिभाषामा समेटेकाले पनि हाल कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीलाई जुनियर र ११ र १२ मा अध्यनरतलाई सिनियर डिभिजनमा सञ्चालन भइरहेको तालिमलाई विस्तार गरी सोभन्दा माथिल्लोस्तरको अध्ययन गर्नेहरूका लागि पनि माथिल्लो तहको तालिम (Higher Division) सञ्चालन गर्ने हो भने अझ प्रभावकारी बनाउन सकिनेछ ।

अनुसन्धानका क्रममा सेवा दलले तालिम सञ्चालनमा भोग्नुपरेको मुख्य समस्या भनेको बजेटको हो । न्यून बजेटले पनि सेवा दलले युवाहरूका लागि गरेको लगानी प्रशंसनीय छ । आगामी दिनमा सरकारले सेवा दललाई पर्याप्त बजेट व्यवस्थापन गर्न सकेको खण्डमा तालिम प्राप्त प्रशिक्षकले स्कूलको संख्या बढाएर तालिमलाई अझ विस्तृत रूपमा सञ्चालन गर्ने अपेक्षा गर्न सकिन्छ । हाल रा.से.द.का ४ तालिम केन्द्र रहेकोमा यसलाई विस्तार गरेर कम्तिमा प्रत्येक प्रदेशमा एक शिक्षालयको स्थापना गर्न सकियो भने प्रत्येक प्रदेशका छात्र, छात्रालाई प्रदेशभित्र नै तालिमको व्यवस्थापन गर्न सहज हुनेछ । यस्तै तालिम केन्द्रहरूमा पूर्वाधार निर्माण, दक्ष प्रशिक्षक र जनशक्तिको नियुक्ति, तालिमप्राप्त क्याडेटलाई परिचालनबारे आवश्यक नीति र युवा आदानप्रदान अन्य देशमा पनि विस्तार गर्नुपर्ने देखिन्छ जसले गर्दा राज्यले युवाका लागि खर्चेको ठूलो बजेटले राज्यलाई नै सघाउ पुऱ्याउने छ । हाल रा.से.द. मा प्रत्येक दुई बर्ष कार्यकालका लागि नयाँ महानिर्देशक नियुक्त गर्ने व्यवस्था रहेको छ । छोटो समयका लागि नियुक्त हुने महानिर्देशकले सेवा दललाई अझ प्रभावकारी बनाउन समयको अभाव लगायतका समस्याहरू देखिएको हुँदा नियुक्ति अवधिलाई बढाउन सकेको अवस्थामा लामो समयसम्म सबै कुरा बुझेर सेवा दललाई थप प्रभावकारी बनाउन सकिन्थ्यो कि ?

## निष्कर्ष

युवा विद्यार्थीहरूलाई अनुशासित, समाज र राष्ट्रप्रति समर्पित बनाउने कार्यमा रा.से.द. ले गरेको अनुकरणीय कार्यले भविष्यमा राष्ट्र र राष्ट्रियताप्रति युवालाई थप जिम्मेवार बनाएको छ । अनुशासन र चरित्र विकासमा जोड गर्न, विविध नियमहरूको पालना गराउन, उच्च नैतिकता कायम गर्न नैतिक शिक्षामा जोड दिन, समयको महत्त्वको जानकारी लगायतका विषयवस्तुले सेवा दलले प्रदान गरेको तालिम अझ फलदायी बन्दै गएको पुष्टि हुन्छ । यस तालिमप्राप्त क्याडेटको अध्ययनका साथै अतिरिक्त क्रियाकलाप, अनुशासन, संस्कार, रीतिरिवाज र उनीहरूको सर्वाङ्गीण विकासमा पुगिरहेको योगदानलाई सम्पूर्ण अभिभावकले मुक्तकण्ठले प्रशंसा गर्ने गरेका छन् । माथिको अनुसन्धानात्मक लेखमा उल्लेख गरे बमोजिमका सुझावलाई मध्यनजर गर्दै अगाडि बढ्ने हो भने रा.से.द. को प्रभावकारिता आगामी दिनमा अझ बढाउन सकिनेछ ।

## सन्दर्भ सामग्री


केन्द्रीय तथ्यांक विभाग. (२०७८). *राष्ट्रिय जनगणना २०७८: प्रतिवेदन.* https://censusnepal.cbs.gov.np/results/np/downloads/national

नेपाल सरकार (२०७२), नेपालको संविधान, काठमाडौं : कानुन किताव व्यवस्था समिति

नेपाल सरकार (२०२७) राष्ट्रिय सेवा दल ऐन, काठमाडौं : नेपाल कानुन आयोग

राष्ट्रिय सेवा दल (n.d.) National Cadet Corps (NCC) Nepal. https://nccnepal.nepalarmy.mil.np.

युएनपिडी (२०१८). नेपाल युवा रणनीति २०१८-२०२२. https://un.org.np/sites/default/files/doc_publication/2018-12/UNDP_NP-Youth-Strategy-2018-22.pdf

रेग्मी, बिजितराज, (२०७३). युवा सशक्तीकरणमा बल:राष्ट्रिय सेवा दल: *सिपाही बार्षिक,* ५०, पेज ९७ - १०३)

रेग्मी, बिजितराज र राठौर, कमलराज सिंह. (२०७४). राष्ट्रिय सेवा दल विगत र वर्तमान. राष्ट्रिय सेवा दल, जगन्नाथदेवल, काठमाडौं ।

विद्यार्थीलाई गोरेटो देखाउँदै राष्ट्रिय सेवा दल. (२०८०, फागुन २५). *सिपाही पाक्षिक,* पेज १६.

सफल खबर.(२०७९) *युवाहरूमाथि सिंगो राष्ट्रको भरोसा छ : प्रधानमन्त्री प्रचण्ड* साभार फागुन ११, २०७९, https://www.safalkhabar.com/news/115492

हिमाल प्रेस (२०८०) *प्रधानसेनापति भन्छन् : राष्ट्रिय एकताको लागि सेवा दलका छात्रछात्राको पनि जिम्मेवारी छ* साभार पौष ११, २०८० https://himalpress.com/2023/12/109411/

Nepal Army. (2023, January 21). National Cadet Corps [Video]. YouTube. https://www.youtube.com/watch?v=vZtMWiO53f0

Nepal Army. (2019, February 19). National Cadet Corps, Part 443 [Video]. YouTube. https://www.youtube.com/watch?v=jmXu3iF3ipY&t=211s

Nits. (n.d.). National Cadet Corps. http://www.nits.ac.in/campuslife/ncc_nits/aboutus.php

The Borneo Post. (2016). Youth in politics. Retrived January 10, 2016, From https://www.theborneopost.com/2016/01/10/youth-in-politics/

-◆◆◆-